असारमा पनि बन्द भएन नदीजन्य पदार्थ दोहन

पाल्पाबाट रुपन्देहीतर्फ टिप्परमा लैजाँदै गरिएको ढुङ्गा ।

रेखीराम राना
पाल्पा, असार २८ गते

असार महिनामा पनि जिल्लाका विभिन्न स्थानबाट नदीजन्य पदार्थ उत्खनन तथा निकासी भइरहेको छ। कानुनी हिसाबले वर्खाका बेला नदीजन्य पदार्थ उत्खनन तथा निकासी अवैध मानिन्छ। जिल्लामा यो महिनामा पनि जिल्लाको स्थानी सञ्चालन भएका क्षेत्रबाट चुनढुङ्गा, ढुङ्गा तथा गिट्टी ओसारपसारको काम भइरहेको छ।

जिल्लाको बगनासकालीस्थित चिर्नुडधारबाट हरेक दिन सयौं टिप्पर गिट्टी निकासी भइरहेको छ। जिल्ला प्रशासन कार्यालय पाल्पाले एक महिनाअघि नै जिल्लाभित्र स्वीकृति लिएर सञ्चालित कुनै पनि स्थानी तथा उत्खनन क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा तथा माटो निकासी नगर्न निर्देशन गरेको थियो। स्थानीय प्रशासनको निर्देशन उल्लङ्घन गर्दै नदीजन्य पदार्थको दोहन तथा निकासी हुने काम रोकिएको छैन।

निर्देशन दिने प्रशासनको औंखाअगाडि रैनाटेवी छहराको सिद्धेश्वर तथा सोमारी, बगनासकालीको चिर्नुडधारालगायतका क्षेत्रबाट चुन, गिट्टी तथा ढुङ्गा बोकेर सयौं टिप्पर रुपन्देहीलगायतका

स्थानीय प्रशासनको निर्देशन उल्लङ्घन गर्दै नदीजन्य पदार्थको दोहन तथा निकासी हुने काम अझै रोकिएको छैन ।

स्थानमा जाने गरेका छन्। असार महिनामा स्थानी तथा उत्खनन गर्न नमिल्ने भए पनि टिप्परले डम्पिङ गरेको सामग्रीका नाममा ढुङ्गा तथा गिट्टी निकासी गरेको ट्राफिक प्रहरी प्रमुख दामोदर मल्लले जानकारी दिनुभयो। स्थानीय तहहरूले असार लागेपछि उत्खनन तथा ओसारपसार रोक्नुपर्ने भए पनि नरोकेको उहाँले बताउनुभयो।

असारमा जथाभावी उत्खनन र निकासीले विपत्का घटना बढेका छन् भने कालोपत्रे सडकसमेत ध्वस्त बनेको छ। असारमा पानी परेर सिद्धार्थ राजमार्गको जमिन गलेका बेला अत्यधिक भारका टिप्परले चुनढुङ्गा, ढुङ्गा तथा गिट्टी बोकेका छन्।

त्यसले सिद्धार्थ राजमार्गका ठाउँ ठाउँमा सडक भासिएको छ भने सडक उबडखाबड बनेको छ। अत्यधिक भारका टिप्परको ओहोरदोहोरले सडकको अवस्था सुधार हुन नसकेको सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ। असार लागेपछि उत्खननका कार्य पूर्ण रूपमा बन्द गर्नुपर्ने र स्थानी स्थलबाट ओसारपसार रोक्नुपर्ने निर्णय भए पनि स्थानीय तहहरूले कार्यान्वयन नगरेको गुनासो बढेको छ। स्थानीय तहहरूले वर्षको निश्चित दिन उत्खनन तथा ओसारपसार गर्न पाउने गरी सम्झौता गरेर अनधिकृत रूपमा कामलाई निरन्तरता दिएको तानसेनका वासिन्दा कृष्ण अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो, "प्रशासनले असार, साउन र भदौमा चुनढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खननमा रोक लगाए पनि उत्खनन र निकासी भइरहेको छ।" उत्खनन र निकासीको अनुगमन गर्ने र कारवाही गर्ने निकाय बेखबर बनेको उहाँले बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय पाल्पाले उत्खनन तथा ओसारपसार भइरहेकोबारे बुझेर थप प्रक्रिया अगाडि बढाउने जनाएको छ। केही स्थानबाट ढुङ्गा, गिट्टी उत्खनन र ओसारपसार भएको जानकारी आएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी उपरीक्षक हेरम्ब शर्माले बताउनुभयो। स्थानीय तहले कसरी उत्खननका काम गर्न दिएका छन्, त्यो बुझेर थप कारवाही अगाडि बढाउने उहाँले बताउनुभयो।

माटो परीक्षण प्रयोगशाला स्थापना

गुल्मी समाचारदाता
गुल्मी, असार २८ गते

गुल्मीमा पहिलो पटक माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ। कृषि ज्ञान केन्द्र गुल्मीले किसानको माग विचार गर्दै जिल्लामा पहिलो पटक माटो परीक्षण प्रयोगशाला स्थापना गरेको कृषि ज्ञान केन्द्र गुल्मीका कार्यालय प्रमुख नवराज भण्डारीले जानकारी दिनुभयो।

"प्रविधिको विस्तार, अध्ययन, अनुसन्धान सेवामूलक काम, किसानलाई आइपर्ने समस्या समाधान गर्ने पहिलो कार्य कृषि ज्ञान केन्द्रको हो," उहाँले भन्नुभयो। कृषकहरूको सहजताका लागि माटो परीक्षण प्रयोगशाला कृषि ज्ञान केन्द्रमा स्थापना गरेको भण्डारीले बताउनुभयो। यसअघि खजुरा, नेपालगन्ज, पोखरा जस्ता स्थानमा रहेका ल्याबमा माटो परीक्षणका लागि पठाउनुपर्ने बाध्यात्मक अवस्था अन्त्य भएको उहाँले बताउनुभयो।

विशेष गरी जिल्लाका दुरदराजमा रहेका किसानलाई केन्द्रित गरी प्रयोगशाला सञ्चालन गरिएको भन्दै प्रयोगशालामा माटोमा रहेको नाइट्रोजनको अवस्था, फस्फोरसको मात्रा, माटोमा रहेको अम्लीयपनको अवस्था, अर्गानिक मेटलको अवस्थाका विषयमा पत्ता लगाउने काम हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "माटोको नमुना सङ्कलनका लागि हरेक स्थानीय तहमा कृषि प्राविधिक पनि छन्। माटोको नमुना सङ्कलनका लागि तिनको सहयोग पनि लिन सकिन्छ।"

माटोको उत्पादकत्व जीवन्त राख्न पनि यो प्रयोगशालाले योगदान पुऱ्याउने भण्डारीले बताउनुभयो। जिल्लामा माटो परीक्षण प्रयोगशाला स्थापना भएपछि कृषक पनि अत्यन्नै खुसी भएका छन्।

दसगजासँगै जोडेर पक्की सडक निर्माण

सिराज खान
नेपालगन्ज, असार २८ गते

बाँकेको जमुनाह नाकाटेखि पूर्वतर्फ दसगजासँगै जोडेर भारतले पक्की सडक निर्माण गरेको छ। सो सडक जमुनाहा नाकास्थित ६५१ नम्बरको जङ्गे पिल्लरबाट पूर्वतर्फ सुइया बचौडासम्म निर्माण गरिएको छ।

भारतले दसगजा छोएर अग्लो सडक निर्माण गरेपछि पानी रोकिएर नेपालका धेरै ठाउँ डुबानमा पर्ने गरेका छन्। दसगजावारिका नेपाली नागरिकले भारतले बनाएको अग्लो सडकबाट आफ्ना गाउँहरू डुबानमा पर्न थालेको गुनासो गर्दै आएका छन्। सो सडकका कारण बाँकेका धेरै सीमावर्ती क्षेत्रसँगै नेपालगन्ज उपमहानगरपालिकाको सीमा बस्ती जमुनाहसमेत डुबानमा पर्न थालेको छ।

नेपालगन्ज-१५, जमुनाहका रमेश खटिकले दसगजामै सडक बनाउन थालेपछि आफूहरूले त्यसबारे नेपाली प्रशासनलाई जानकारी गराए पनि कुनै रोकटोकबिना सडक निर्माण गरिएको दावी गर्नुभयो। उहाँले सडकका कारण पानीको निकास रोकिएपछि यताको गाउँबस्ती डुबानमा पर्न थालेको गुनासो पनि गर्नुभयो। जमुनाहका अर्का स्थानीय दीपक रैदासले भारतद्वारा दसगजामै सडक बनाइएको र वृक्षारोपणका लागि खाल्डाहरू खनिएको बताउनुभयो।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले नरैनापुर गाउँपालिकाको सीमा नजिकै बनाइएको सो अग्लो सडकका कारण पालिकाका धेरै गाउँ डुबानमा पर्ने र जलमग्न हुने गरेको बताउनुभयो।

जमुनाहमा दसगजासँगै जोडेर भारतले बनाएको पक्की सडक ।

उहाँले पानीको निकास निकै कम दिएर दसगजा छोएर बनाइएको सडकका कारण नरैनापुरवासीलाई सास्ती हुँदै आएको बताउनुभयो।

यसैबिच सिमानाको पिल्लरनजिकै वृक्षारोपण गर्ने भनी भारतीय नागरिकद्वारा खाडलहरू खनिएपछि बाँके प्रशासनले विरोध गर्दा खाडलहरू पुरिएका छन्।

बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यले भारतीय पक्षद्वारा वृक्षारोपणका लागि खाडल खनिएको पाइएपछि सुरक्षाकर्मीलाई आग्रह गरेर खाडलहरू पुर्न लगाइएको बताउनुभयो। उहाँले त्यसपछि नयाँ ठाउँमा खाडल खन्ने र वृक्षारोपण गरेको नपाइएको बताउनुभयो।

भारतले २०७० चैत ३० गते सर्मे गरेर बाँकेको पूर्वी सीमा सुइया बचौडाको दक्षिणबाट दसगजाको समानान्तर हुने गरी सडक निर्माण थालेको थियो। यसका कारण नरैनापुरका सीमा बस्ती धेरै पटक डुबानमा परिसकेका छन्। उक्त सडक निर्माणले पानीको प्राकृतिक प्रवाह रोक्दा राप्तीसोनारीका बस्तीसमेत जलमग्न हुने गरेका छन्।

पश्चिममा भारतको लक्ष्मणपुर बाँधदेखि नेपालको साइगाउँसम्म २१ किलोमिटर सडक निर्माण गरिएको छ। यसबाट डुडुवा गाउँपालिकासँगै नेपालगन्ज उपमहानगरपालिकाका सीमावर्ती बस्ती पनि डुबानको उच्च जोखिममा छन्। निर्माणाधीन सडक जमिनको सतहबाट कतै २.५ मिटर उचाइमा छ भने कतै एकदेखि डेढ मिटरको उचाइमा छ। कतै दसगजामै र कतै दसगजानजिकै बनाइएको सो सडकको चौडाइ १५ देखि ३० मिटरसम्म छ।

पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा

रुकुमपूर्व समाचारदाता
रुकुमपूर्व, असार २८ गते

जिल्लाका सबै पालिकालाई 'पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ। जिल्लाको पुथाउत्तरगङ्गा, भूमे र सिस्ने तीन गाउँपालिकालाई नै 'पूर्ण खोप सुनिश्चित तथा दिगोपना' पालिका घोषणा गरिएको हो। स्वास्थ्य कार्यालय, रुकुमपूर्वका सूचना अधिकारी निमप्रसाद गिरीका अनुसार पाँच वर्षमुनिका सबै बालबालिकालाई १३ प्रकारका रोगविरुद्ध खोप लगाउने गरिन्छ। नियमित खोप लगाउन छुटेका बालबालिकालाई 'खोज र खोप' अभियान सञ्चालन गरिएको थियो। त्यस अन्तर्गत छुटेका बालबालिकालाई अभियानले पुनः समेटेपछि पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको गिरीले जानकारी दिनुभयो।

सिस्ने गाउँपालिकालाई गत वैशाख महिनामा पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको हो भने पुथाउत्तरगङ्गालाई मङ्सिलबार र भूमेलाई बुधबार घोषणा गरिएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी गिरीले बताउनुभयो। १६ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई नेपाल सरकारबाट निःशुल्क दिइने सबै प्रकारका खोप लगाएपछि जिल्लाका सबै पालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख नारायणप्रसाद चौधरीले बताउनुभयो। पालिकास्तरीय पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएकाले अब जिल्लास्तरीय घोषणा गर्न बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लास्तरीय पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा यही ३१ गते गर्न लागिएको स्वास्थ्य कार्यालयका प्रमुख चौधरीले जानकारी दिनुभयो।

संरक्षण नहुँदा करोडौँको अस्पताल भवन अलपत्र

मुकुन्द सुबेदी
बर्दिया, असार २८ गते

सिकलसेल रोगको उपचारका लागि निर्माण गरिएको यहाँस्थित करोडौँको भवन अलपत्र परेको छ। बारबर्दिया नगरपालिकाको मानपुर नजिक रहेको नगर अस्पतालको भवन उचित रेखदेख, संरक्षण र मर्मतसम्भारको अभावमा अलपत्र परेको हो।

सिकलसेल रोगको उपचारका लागि अस्पताल सञ्चालन गर्न पालिकाले सो भवन निर्माण गरेको थियो। एक वर्षअघि निर्माण सम्पन्न भएर हस्तान्तरण भए पनि पालिकाले चासो नदिँदा भवन अलपत्र परेको स्थानीयको गुनासो छ।

तुलो लगानीमा बनेको संरचना अलपत्र परेको देख्दा स्थानीय बासिन्दा निराश देखिन्छन्। चार करोड २० लाख रुपियाँको लागतमा बनेको भवनको उचित रेखदेख र संरक्षण नहुँदा भवनका भयाल, ढोका र बिजुलीका स्विचहरू तोडफोड भएका छन् भने रङरोगन खुइलिएको छ।

बारबर्दिया नगरपालिका-१० का सुनील थारूले आफ्नो नगरपालिकाले सिकलसेल अस्पताल बनाउँदै छ भन्ने सुन्दा सुरुमा खुसी लागे पनि अहिलेसम्म उपचार सेवा त परै जाओस्, भवनको संरक्षण नभएको देख्दा दुःख लागेको बताउनुभयो। उहाँले छिटो उपचार सेवा सुरु भए आफू जस्तै सिकलसेलका बिरामीलाई सजिलो हुने

सिकलसेल रोगको उपचारका लागि अस्पताल सञ्चालन गर्न एक वर्षअघि निर्माण सम्पन्न गरी भवन हस्तान्तरण भए पनि पालिकाले चासो नदिँदा अलपत्र

बताउनुभयो। बारबर्दिया नगरपालिकाका निवर्तमान नगर प्रमुख दुर्गाबहादुर थारूले सिकलसेल रोगको उपचार केन्द्र (अस्पताल) बनाउन भवन निर्माण गरिए पनि अहिले पालिकाले थप बजेट नछुट्याउँदा अस्पताल सञ्चालन हुन नसकेको बताउनुभयो। उहाँले आफू नगर प्रमुख हुँदा सिकलसेल अस्पताल बनाउने उद्देश्यले भवन निर्माण गरेकाले यसको सञ्चालनका लागि सङ्घ र प्रदेशसँग निरन्तर समन्वय गरिरहेको बताउनुभयो।

बारबर्दिया नगरपालिकाका नगर प्रमुख छबिलाल थारूले पालिकाले अलपत्र भवनको उचित रेखदेख र संरक्षण गर्ने बताउनुभयो। उहाँले अस्पताल भवनको संरक्षणका लागि स्थानीयवासी र प्रहरीसँग समन्वय भइरहेको जानकारी दिनुभयो। यसै वर्षबाट १५ शय्याको अस्पताल सञ्चालन गर्ने तयारी भइरहेको बताउँदै नगर प्रमुख थारूले यसका लागि पालिका आफैंले मात्र अस्पताल सञ्चालन गर्न सम्भव नभएकाले प्रदेश र सङ्घीय सरकारसँग सहयोग मागेको बताउनुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोष
केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर

दररेट तथा छुट पेश गर्ने बारेको सूचना

(प्रकाशित मितिः २०८०।०३।२९)

यस कोषद्वारा आ.व. २०८०।०८१ मा गोरखापत्र दैनिक र द राइजिङ नेपालमा भित्रि पृष्ठमा विज्ञापन तथा लेख रचनाहरु प्रकाशित गर्न एजेन्टको छनौट गरी एक आर्थिक वर्षको लागि करार गर्नुपर्ने भएकोले सो प्रयोजनको लागि गोरखापत्र दैनिक र द राइजिङ नेपालको आधिकारिक विज्ञापन दररेटमा के कति छुट दिई प्रकाशन गर्न सकिन्छ, आधिकारीक दररेट तथा छुट उल्लेख गरी फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्र, प्यान, भ्याट दर्ता प्रमाणपत्र तथा आ.व. २०७८।०७९ को करचुक्ता प्रमाणपत्र सहित मिति २०८० साल श्रावण १२ गते दिनको १२:०० बजे भित्र कोषको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरीन्छ। उक्त प्रस्तावहरु सोही दिन दिउँसो ३:०० बजे खोलिने छ। संस्थागत छुटको लागि कोषको पत्र उपलब्ध गराईने छ।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
गण्डकी प्रादेशिक कार्यालय

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०३/२९)

(क) पोखरा वितरण केन्द्र (फोन नं. ०६१-५७०४७२, इमेल : pokhara@nea.org.np)

सि. नं.	सिलबन्दी दरभाउपत्र नं.	कामको विवरण	इस्टिमेट रकम रु. (मू.अ.कर सहित) रु.
१	NEA-PDC-2079/080-21 (SQ)RE	Supply, Delivery and Operation of Different Machines, Tools and Materials required for distribution transformer maintenance	१२,३८,४९५।८२

For details please visit www.bolpatra.gov.np/egp & for Further information please contact respective offices.

नापी कार्यालय चाबहिल, १ नं. नापी टोली काठमाडौंको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

का.जि. शंखरापुर न.पा. ५ बस्ने काले मोक्तानले पिता राम बहादुर मोक्तानको नाउँमा नापनक्सा भई दर्ता बाँकी रहेको साबिक सुन्टोल ९घ कि.नं. ११ र १२ क्षे.फ. क्रमशः ११-१४-०-० र १-४-०-० जग्गा कित्ता विगंभरा मौजा सि.नं. ५४ रै.नं. ५२ को साबिक लगत भिडाई छुट जग्गा दर्ता गरिपाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोले जग्गा (नापजाँच) तथा नक्सा स्रेस्ता अद्यावधि सम्बन्धी निर्देशिका २०७३ को परिच्छेद ४ को दफा २० (४ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त जग्गा ऐलानी, सरकारी, सार्वजनिक, वन क्षेत्र वा गुठी, अधीनस्थ जग्गा भए वा उक्त जग्गा निजको नाउँमा दर्ता नहुने कुनै कारण भए वा अरू कसैको हक लाग्ने वा दर्ता सम्बन्धी कारवाही चलाएको भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालय समक्ष स-प्रमाण सहित हकदावी गर्न आउनुहोला। अन्यथा नियमानुसार भइजाने व्यहोरा सूचित गरिन्छ।

गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	मोही	जग्गाधनीको व्यहोरा	किसानको व्यहोरा
सुन्टोल	९घ	१०	०-१२-२-०	सेसनाथ दुलाल काई साँखु विगंभरा।	पदमकान्त दुलाल भपु विगंभरा गस्ते निजको छोरा सेसनाथ दुलाल।	यो जग्गा बाबु पदमकान्तको नाउँमा दर्ता निजसँग अंग लिई हक भएको।
"	"	१२	५-१०-०-०	लोकनाथ दुलाल काई साँखु विगंभरा।	"	यो जग्गा बाबु पदमकान्तको नाउँमा दर्ता निजसँग अंग लिई हक लिएको।
"	"	१३	६-४-०-०	सेसनाथ दुलाल काई साँखु विगंभरा।	पदमकान्त दुलाल भपु विगंभरा गस्ते निजको छोरा सेसनाथ दुलाल।	यो जग्गा बाबु पदमकान्तको नाउँमा दर्ता निजसँग अंग लिई हक भएको।
"	८ठ	५५	३-१-०-०	फटिक प्रसाद दुलाल का.ई. साँखु विगंभरा।	पदमकान्त दुलाल जैसी काई साँखु विगंभराको हकमा सही गर्ने निजको छोरा फटिक प्रसाद।	यो मेरै नाउँको नम्बरी हो।
"	"	५६	२-११-३-०	"	दमकान्त दुलाल जैसी काई साँखु विगंभराको हकमा सही गर्ने निजको छोरा फटिक प्रसाद।	यो मेरै नाउँको नम्बरी हो।

Rohini Rural Municipality
Office of the Rural Municipal Executive
Dhakdhai, Rupandehi, Lumbini Province, Nepal

Invitation for Electronic Bid

Date of First Publication: July 14th, 2023 (Ashad 29th,2080)

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** or may visit the rural municipal office at Dhakdhai, Rupandehi within Office hours.

S. N.	Contract ID	Name Of Project	Minimum Average Annual Construction Turnover NRs.	Minimum Work experience of similar size and nature NRs.	Bid Security Amount (NRs.)	Account No. for Bid Security	Fee for Bid Document (NRs.)	Account No. for Bid Document fee	Final Submission Date & Time	Bid Opening Date & Time	Bid Security Validity Period
1	11/NCB/ Works/ RRM/ 2079-80	Construction of 15 Bed Primary Hospital at Rohini Rural Municipality	9,99,18,000	7,99,35,000	37,58,000	NIC ASIA Bank Ltd, Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002	10,000.00	NIC ASIA Bank Ltd, Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050 029211003	August 14th, 2023 (Shrawan 29th, 2080) At 12:00 pm	August 14th, 2023 (Shrawan 29th, 2080) At 4:00 pm	150 Days

- Pre-Bid Meeting Shall be held on 3rd August 2023 at 15:00 pm at **Rohini Rural Municipality** Office, Dhakdhai, Rupandehi
- Bidders are advised to read the corresponding Bid Document carefully before the submission of bid.

Chief Administrative Officer

CamScanner